प्रदेश सरकार

प्रदेश नं. ५

सामाजिक विकास मन्त्रालय

# शिक्षा तथा सामाजिक विकास निर्देशनालय

(योजना तथा कार्यक्रम शाखा)

बुटवल,नेपाल

प.सं :- २०७७/७८

च.नं :-

सुचना प्रकाशन मिति : २०७७/०५/२४

**बिषय : मुस्लिम छात्रा लक्षित विद्यालय छात्रावास तथा पुर्वाधार निर्माण कार्यक्रमको लागि**

**प्रस्ताव पेश गर्ने सुचना ।**

प्रस्तुत बिषयमा यस निर्देशनालयको आ.व.२०७७/०७८ को बार्षिक कार्यक्रम अन्तर्गत मुस्लिम छात्रा लक्षित विद्यालय छात्रावास तथा पुर्वाधार निर्माण कार्यक्रम रहेकोले, यस प्रदेश अन्तर्गत सञ्चालित मदरसाहरुले सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र निम्नानुसारको कागजातहरु सहित सम्बन्धित सामाजिक बिकास डिभिजन कार्यालयमा प्रस्ताव पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्याद पछि प्राप्त हुने निबेदन उपर कुनै कारबाही हुने छैन ।

संलग्न गर्नुपर्ने कागजातहरु

१ मदरसा/विद्यालय व्यवस्थापन समिति गठन भएको निर्णयको प्रतिलिपि

२) मदरसा/विद्यालय व्यवस्थापन समितिको प्रस्तावना माग गर्ने निर्णयको प्रतिलिपि

३ ) सम्बन्धित गाँउ/नगरपालिकाको सिफारिस

४ ) आ.व. २०७५/०७६ को लेखा परीक्षण तथा सामाजिक परीक्षण प्रतिवेदनको प्रतिलिपि

५ ) सम्बन्धित गाँउ/नगरपालिकावाट प्रमाणित भएक विद्यार्थी बिवरण

६ ) सञ्चालित मदरसा कम्तिमा कक्षा ८ सञ्चालन भएको अनुमति पत्रको प्रतिलिपि

७) प्रस्तावना पत्र

शर्तहरु

१ मदरसा मुस्लिम बहुल इलाकामा रहेको हुनुपर्नेछ ,

२ मुस्लिम छात्राहरुको बाहुल्यता रहेको हुनुपर्नेछ ,

३ मदरसा मूलप्रवाहीकरण भएको हुनुपर्नेछ ( विद्यालय वा धार्मिक बिद्यालयको रुपमा अनुमति प्राप्त गरेको )

४ मदरसामा नेपाल सरकारले तोकेको पाठ्यक्रम अनुसार पठन/पाठन भए/नभएको स्थानीय तहले प्रमाणित गरेको हुनुपर्नेछ

५ मदरसामा अंग्रेजी, गणित तथा बिज्ञानका बिषयगत शिक्षकहरु भएको हुनुपर्नेछ

६ मदरसाको आफनै नामको जग्गाधनि लालपुर्जा वा भोगाधिकार रहेको हुनुपर्नेछ

पुनश्च : प्रस्तावनाको ढाँचा निर्देशनालयको website:eddmos.p5.gov.np मा राखिएको छ ।

निर्देशक